**नेपाली** / ***NEPALI***

**विषय: खोप लगाएका व्यक्तिहरूका लागि परीक्षणको छूट र अन्य अपडेटहरू**

*यो सन्देशमा समेटिएको छ*

- *खोप लगाएका व्यक्तिहरूका लागि परीक्षणको छूट*
- *खोपको अपडेट*
- *परीक्षण गर्ने सुझावहरू*
- *सहयोग कसरी पाउने*

सेमेस्टरको अन्त्य ८ हप्ता भन्दा कम समयमा आउँदै छ। क्याम्पसमा *COVID-19* को केसहरू हरेक दिन कम हुँदै गएका छन्। ६,००० भन्दा बढी कर्मचारीहरू र विद्यार्थीहरूले खोप लगाएका छन्।

यो प्रगति मनाउन लायक छ तर हामी हाम्रो सतर्कतालाई छोड्नु हुँदैन। सुरक्षित रूपमा क्याम्पसको सेमेस्टर टुङ्ग्याउनको लागि सहयोग गर्नुहोला – तपाईंको मास्क लगाई राख्नुहोस्, नियमित रूपमा परीक्षण गर्नुहोस्, छ फिट टाढा रहनुहोस् र हातहरू बारम्बार धुनुहोस्/सफा गर्नुहोस्।

**खोप लगाएका व्यक्तिहरूका लागि परीक्षणको छूट**

बुधबार, मार्च १७ देखि, *COVID-19* विरूद्ध पूर्ण खोप लगाइसकेका कर्मचारी र विद्यार्थीहरूलाई अब नियमित रूपमा क्याम्पसको परीक्षणमा भाग लिन आवश्यक छैन। ***Safer Badgers app* मा तपाईंको *Badger Badge* हरियो/भवन पहुँच स्वीकृतमा रहनेछ जबसम्म तपाईंले लक्षणहरू रिपोर्ट गर्नुहुन्न वा *COVID-19* पोजिटिभ देखिनुहुन्न।**

पूरा रूपमा खोप लगाउनु भनेको तपाईंले:

- दुईवटा डोजको खोप (*Pfizer* वा *Moderna*) को दुबै खोप लगाउनुभएको र तपाईंको दोस्रो खोप कम्तिमा दुई हप्ता अघि लगाउनुभएको; वा
- तपाईंले एउटा दोजको खोप (*Johnson and Johnson*) कम्तिमा दुई हप्ता अघि लगाउनुभएको

*COVID-19* का खोपहरू एकदम सुरक्षित र प्रभावकारी छन्, जबकि केही खोप लगाएका व्यक्तिहरूलाई अझै पनि *COVID-19* लाग्न सक्दछ। **तपाईंले आफ्नो लक्षणहरूको निरीक्षण गर्न जारी राख्नु पर्नेछ – यदि तपाईंमा लक्षणहरू देखिएमा आफूलाई अरूबाट अलग्गै राख्नुहोस् र जतिसक्दो चाँडो परीक्षण गर्नुहोस्।**

हालसालैको *CDC* मार्गदर्शनले सङ्केत गर्दछ कि पूर्ण रूपमा खोप लगाएका व्यक्तिहरूमा लक्षण नदेखिने सङ्क्रमण हुने सम्भावना कम हुन्छ र अरूलाई *COVID-19* फैलाउन सक्ने सम्भावना कम हुन्छ। **त्यहीपनि, धेरै व्यक्तिहरूले पूर्ण रूपमा खोप नलगाएसम्म सबैले मास्क लगाउने र सार्वजनिक ठाउँ र क्याम्पसमा हुँदा भौतिक दूरी कायम राख्ने जस्ता जनस्वास्थ्य मार्गदर्शनहरूको पालना गर्न जारी राख्नु पर्दछ।**

*University Health Services* मा खोप लगाएका व्यक्तिहरूले यस छूटका लागि खोपको प्रमाण पेश गर्न आवश्यक छैन – तपाईंको *Badge* आफैं हरियो हुनेछ र यो हुनु तपाईंले खोप लगाउनुभएको कारणले हो भन्ने तपाईंले एउटा सन्देश पाउनु

पर्नेछ। **यदि तपाईंले क्याम्पस बाहिर खोप लगाउनु भएको छ भने, तपाईंले खोपको प्रमाण पेश गर्नु पर्दछ। खोपको रेकर्ड अपलोड गर्नका लागि यी निर्देशनहरूको पालना गर्नुहोस्।**

(नोट: ***UWSISP* कार्यक्रममा भर्ना भएका व्यक्तिहरूले दिएको निर्देशन अनुसार परीक्षण गर्न जारी राख्नुपर्दछ।** तपाईंको *Badger Badge* हरियो भवन पहुँच/स्वीकृतमा रहनेछ जबसम्म तपाई यस कार्यक्रममा भाग लिनुहुन्छ र आफ्नो परीक्षण समयमा पूरा गर्नुहुन्छ। थप जानकारीको लागि, uwsisp@mailplus.wisc.edu वा 608-265-7277 मा सम्पर्क गर्नुहोला।)

**खोपको अपडेट**

यो हप्ताको शुरूवातका साथ, तपाईंको खोपको योग्यता जाँच्न र क्याम्पसमा *COVID-19* को लागि खोपको समय बनाउन ***University Health Services* को *MyUHS* *portal* अन्लाईनमा** ठाउँ हुनेछ। थप जान्नुहोस्

यस हप्ताबाट, **सबै व्यक्तिगत रूपमा काम गरिरहेका गैर-विद्यार्थी कर्मचारीहरू र जसले विद्यार्थीहरूको सामना गर्छन्** उनीहरू क्याम्पसमा खोपको समय बनाउन शुरू गर्न सक्नेछन्।

राज्यको मापदण्ड पालना गर्दै, *UHS* ले पहिले यी कर्मचारी र विद्यार्थीहरूलाई खोप लगाउने समय प्रदान गरेको छ:

- प्रत्यक्ष बिमारी स्याहारको सेवा गर्ने;
- *SARS-CoV-2* भाइरस वा भाइरसको नमूनाहरूसँग प्रत्यक्ष सम्पर्कमा आउने;
- ६५ वर्षको उमेर वा बढीको उमेर पुगेका क्याम्पसका सक्रिय सदस्य;
- *University of Wisconsin* पुलिस विभागको कर्मचारी;
- संकाय, कर्मचारी र प्रशिक्षण सहायकहरू जो हाल व्यक्तिगत रूपको शिक्षामा संलग्न छन्;
- हाउजिङ्ग र डाइनिङ्गका ४५ वर्ष र बढी उमेरका कर्मचारी;
- चाइल्डकेयर र कस्टोडियल कर्मचारी

***UHS* लाई उपलब्ध गराईएको खोप आपूर्तिहरू भन्दा पनि बढी क्याम्पसमा योग्य व्यक्तिहरू छन्।** *UHS* ले आउँदो हप्ताहरूमा थप खोपको आपूर्ति पाउने आशा राखेतापनि, **हामी योग्य कर्मचारीहरू र विद्यार्थीहरूलाई** स्वास्थ्य सेवा प्रदायकहरू र समुदाय प्रदायकहरू जस्तै फार्मेसीहरू जस्ता खोपको सबै **सम्भावित स्रोतहरू खोज्न प्रोत्साहित गर्दछौं।** यस हप्ता *UHS* मा समय बनाउन असक्षम कसैले थप समयको लागि अर्को हप्ता फेरि हेर्नु पर्नेछ।

बिहिबार दिउँसो एक फोरममा क्याम्पस खोप प्रयासहरूको बारेमा थप जान्नुहोस्।

**परीक्षण गर्ने सुझावहरू**

- **याद गर्नुहोस् कि परीक्षण स्थलहरूले नयाँ मान्छेहरू खाना खाने समय वा बन्द हुनु १५ मिनेट अघि लिनेछैनन्।** धेरै ढिलो नजानुहोला!

**सहयोग कसरी पाउने**

- **यदि तपाईंसँग** धेरै सोधिएका प्रश्नहरूमा सम्बोधन नगरिएका **प्रश्नहरू छन् भने** covidresponse@vc.wisc.edu मा ईमेल पठाउनुहोला वा *UW–Madison* को *COVID-19* सहायता लाईन (608) 262-7777 मा फोन गर्नुहोला।

- अपडेटको लागि कृपया *COVID-19* प्रतिक्रिया वेबसाईट हेर्दै गर्नुहोला।